# बाढी क्षति अनुगमन प्रतिवेदन २०७७

**सूचना प्राप्तिः**

२०७७ श्रावण १३ गते राति देखि लगातार बर्षा भएको कारणले बाढी तथा डुबानमा परी सहकारीको गोदाम डुबानमा परेको भनि मिति २०७७ श्रावण १४ गते बिहान किसान बीजबृद्धि सहकारी संस्था लि. टिकापुर नगरपालिका वडा नं. १, बनगाँउका अध्यक्ष श्री खुसीराम चौधरी रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन, इकाई, टिकापुरमा रिपोर्ट गर्न आएको ।

मिति २०७७ श्रावण १४ गते बिहान फोन मार्फत बीजबृद्धि कृषक सहकारी संस्था लि. जानकी-४ मुनुवाका अध्यक्ष श्री रामफल बडायकले बाढी बीउ गोदाममा पस्न थालेको भनि जानकारी गराएको ।

मिति २०७७ श्रावण १४ गते बिहान टिकापुर नगरपालिका वडा नं. १ नयाँ टिकापुर निवासी लिला बहादुर चौधरीबाट बाढीले क्षति गरेको भनि फोन मार्फत जानकारी प्राप्त ।

**फिल्ड अवलोकनः**

बाढीले क्षति गरेको सूचना प्राप्त हुनासाथ मिति २०७७ श्रावण १४ गते बिहान १०.३० बजे तपसिल बमोजिमको टोली फिल्डमा गएकोः

१. आयोजना कोअर्डिनेटर भरतप्रसाद कंडेल, रानी जमरा कुलरिया सिंचाई आयोजना (कृषि तर्फ), टिकापुर
२. बाली बिकास अधिकृत जय बहादुर महत्रा, रानी जमरा कुलरिया सिंचाई आयोजना (कृषि तर्फ), टिकापुर
३. योजना अधिकृत दिलिप जंग, राना रानी जमरा कुलरिया सिंचाई आयोजना (कृषि तर्फ), टिकापुर
४. बाली संरक्षण अधिकृत मिलन गैरे, रानी जमरा कुलरिया सिंचाई आयोजना (कृषि तर्फ), टिकापुर
५. पशु स्वास्थ्य प्राविधिक पुष्पराज भारती, रानी जमरा कुलरिया सिंचाई आयोजना (कृषि तर्फ), टिकापुर
६. प्राबिधिक सहायक मोति बहादुर बि.क., टिकापुर नगरपालिका, कृषि शाखा ।

**बस्तुगत अवस्थाः**

टिकापुर नगरपालिका वडा नं. १ बनगाँउ स्थित किसान बीजबृद्धि सहकारी संस्था लि.को भवन तथा बीउ गोदाम जमरा कूलोमा आएको बाढीको पानी पसि डुबान भएको पाइएको । बीउ गोदामको भवन चारैतिरबाट बाढीको पानिले डुबाएको कारण जान नसकि करिब १५० मिटर टाढाबाट अवलोकन गरिएको । उक्त सहकारीका अध्यक्ष खुसीराम चौधरीले दिएको जानकारी अनुसार बीउ गोदाममा २४० क्वीन्टल गँहुको बीउ, बिक्री नभएको धानको बीउ २१ क्वीन्टल, पोषण मल ४२ केजी, एग्री जिङ्क ३० केजी, कारटयाप हाइड्रोक्लोराइड बिषादि २५ केजी, रासायनिक मलः डिएपी ४५० केजी, यूरिया ४५० केजी, पोटास १८०० केजी भण्डारमा रहेकोले सो डुबानमा परेको साथै बीउ ग्रेडिङ्ग मोटर २ वटा र बोरा सिलाई मेशिन १ वटा पानीले डुबाएको कारण बिग्रिएको सूचना प्राप्त भएको।

टिकापुर नगरपालिका वडा नं. १ नयाँटिकापुर निवासी लिला बहादुर चौधरीको घरजग्गा अवलोकन गर्दा जमरा कूलोबाट आएको बाढीको पानीको कारणले डुबान भई जलमग्न भएको अवस्था देखिएको निजको घर

भरतप्रसाद कंडेल
आयोजना कोअर्डिनेटर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली

समेत डुबानमा परेको पाइएको। निज लिला बहादुर चौधरीले दिएको जानकारी अनुसार करिब ८ कठ्ठामा लगाएको तरकारी नष्ट भएको रु. ५५०००/- को तरकारीको बीउ प्रयोग गरी स्थापना गरिएको नर्सरी साथै गत महिनामा निर्माण गरिएको हाईटेक नर्सरीको तरकारी बेर्ना समेत नष्ट भएको, घरमा रहेको संचित अनाज आदि समेत डुबाएको र ५ बिगाहा क्षेत्रफलमा धानको बीउ उत्पादनको लागि लगाएको धानमा बाढी पसि २ बिगाहा धान बाली पुरी पूर्ण क्षतिको सूचना प्राप्त भएको ।बाढीले पूर्ण रुपमा डुबानमा परेकोले यतार्थ क्षति मूल्याँकन गर्न नसकिएको ।

जानकी-४, मुनुवा स्थित बीजबृद्धि कृषक सहकारी संस्था लि.मा अवलोकनको लागि जाँदा उक्त स्थलमा जाने मोतिनगर स्थित बाटो समेत हिडडुल गर्न नसक्ने गरि डुबानमा परेकोले जान नसकिएको ।फोन मार्फत जानकारी लिएको बाढी बीउ गोदाममा सामान्य रुपमा पसेतापनि ठूलो क्षति हुन नपाएको जानकारी बीजबृद्धि कृषक सहकारी संस्था लि. जानकी-४ मुनुवाका अध्यक्ष श्री रामफल बडायकले दिनुभएको ।

सुझाव तथा निष्कर्षः

जमरा कूलोमा आएको बाढीको पानी निकास हुन नसकि डुबानमा परेको पाइएको ।अवलोकन स्थलहरु बाढीले पूर्ण रुपमा डुबानमा परेकोले क्षति स्थलमा पुग्न नसकि यतार्थ क्षति मूल्याँकन गर्न नसकिएको तसर्थ बाढी कम भएपछि मात्र क्षति स्थलमा गई यतार्थ क्षति मूल्याङ्कन गर्न सकिने ।

सम्बन्धित सरोकारवाला निकायः टिकापुर नगरपालिका, वडा कार्यालय, इलाका प्रशासन कार्यालय, टिकापुर, इलाका प्रहरी कार्यालय टिकापुर, बीउ परिक्षण प्रयोगशाला, सुन्दरपुर, कन्चनपुर लगायत अन्य प्रादेशिक निकायहरुमा क्षतिबारे जानकारी गराइ राहत/क्षतिपूर्तिको लागि अनुरोध गर्न सुझाव दिइएको ।

Bpnandel . २०७६।०८।१४
भरतप्रसाद कंडेल
आयोजना कोअर्डिनेटर

रानी जमरा कुलरिया सिचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली